आज मिति २०७६।२।१२ गतेका दिन यस हार्सी गाउँपालिकाका अध्यक्ष श्री निम बहादुर के.सी. ज्युको अध्यक्षतामा गाउँ कार्यपालिका बैठक प्रारम्भ गरियो।

## उपस्थिति

(१) श्री निम बहादुर के.सी. – अध्यक्ष
(२) श्री टिका शर्मा वली – उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन – प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द – वडा अध्यक्ष वडा नं. १
(५) श्री डिल्ली बहादुर के.सी. 〃 〃 २
(६) श्री खेतिराम रोकाया 〃 〃 ३
(७) श्री चन्द्र बहादुर रावत 〃 〃 ४
(८) श्री राम बहादुर के.सी. 〃 〃 ५
(९) श्री दुर्गा बहादुर मल्ल 〃 〃 ६
(१०) श्री अमृता कामी कार्यपालिका सदस्य
(११) श्री मञ्जु शाही 〃 〃
(१२) श्री जुना मल्ल चन्द 〃 〃
(१३) श्री देवी खत्री 〃 〃
(१४) श्री धनिराम नेपाली 〃 〃
(१५) श्री जित बहादुर वली – खरिदार
(१६) श्री दिपक कुवर – लेखापाल
(१७) श्री इन्द्र बहादुर भण्डारी – कानुनी सल्लाहकार
(१८) श्री सन्तराम कामी कार्यपालिका सदस्य
(१९) श्री खुम बहादुर के.सी. योजना शाखा प्रमुख
२० श्री अमृत खड्का कृषि विकास शाखा
२१ श्री [illegible] के.सी. प्र.नि.प्र.
२२ श्री नितेश कुमार हे.अ.

## ~~प्रस्ताव~~ प्रस्तावहरु

(१) ~~चौधो~~ गाउँसभाका लागी नीति तथा कार्यक्रम र योजना छनौट सम्बन्धमा ।

(२) ~~सिर्जना~~ सहकारीमा आधारित कृषि तथा पशुजन्य उद्योग सञ्चालन प्रस्ताव सम्बन्धमा ।

(३) सिलाई कटाई कार्यक्रम संचालन सम्बन्धमा ।

(४) औद्योगिक ग्रामका लागी स्थान छनौट सम्बन्धमा ।

(५) आर्थिक सहयोग सम्बन्धमा ।

(६) खानेपानी व्यवस्थापन सम्बन्धमा ।

(७) विद्यालय भवन सम्बन्धमा ।

(८) रकम विनियोजन सम्बन्धमा ।

(९) बाल विकास कार्यकर्ता तलब अनु सम्बन्धमा ।

(१०) ~~६~~ घर दर्ता ~~[illegible]~~ स्टिकर टाँस्ने सम्बन्धमा ।

(११) शिक्षक परिवर्तन सम्बन्धमा ।

निर्णय हरु

नि.नं.(१) प्रस्ताव नं. १मा छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७६/०७७ को लागी योजना तथा कार्यक्रम छनोट कार्यको लागी तपसिल बमोजिम कार्यपालिका पारित गर्ने निर्णय पारित गरियो।

तपसिल

(१) टोल बस्तीस्तरमा जेठ १४ देखी २०गते सम्म
(२) वडासमिति बैठक जेठ २२गते
(३) विषयगत समिति बैठक जेठ २४देखी २८ गते
(४) एकिकृत योजना तर्जुमा गोष्ठी - असार ५,६ र८गते
(५) बजेट तर्जुमा तथा सिमा निर्धारण समिति असार ४गते
(६) राजश्व परामर्श तथा अनुमान समिति - जेठ ३०र ३१गते
(७) कार्यपालिका बैठक - असार ८गते
(९) गाउँसभा - असार ११गते

समिति बैठक

(I) सामाजिक विकास समिति - जेठ २४
(II) आर्थिक विकास समिति - जेठ २६
(III) संस्थागत विकास तथा सुशासन समिति - जेठ २६
(IV) वनवातावरण तथा विपद् व्यवस्थापन समिति - जेठ २८
(V) पूर्वाधार विकास समिति - जेठ २३ गते

नि.नं(२) प्रस्ताव नं.२मा छलफल गर्दा सहकारीमा आधारित कृषि तथा पशुजन्य उद्योग सन्चालन सम्बन्धमा प्रकाशित सुचना बमोजिम १मात्र प्रस्ताव दर्ता हुन आएको एक मात्र प्रस्ताव भएकोले सो को प्रस्ताव सिर्जनशिल महिला कृषि संस्था दार्मा गा.पा.-१ सल्यानलाई छनोट गर्ने निर्णय पारीत गरियो।

नि.नं. (३) प्रस्ताव नं. ३मा छलफल गर्दा यस दार्मा गा.पा अन्तर्गत साविक गा.वि.स. ६जमा सन्चालन हुने गरी सिलाई कटाइ तालिम सन्चालन गर्न महिला सिप विकास तथा सशक्तिकरण तालिम बाट रु २लाख, लैङ्गिक हिंसा निवारनका लागी समविकाश तालिम बाट रु १लाख, गा.पा.र वडास्तरको बालविवाद न्यूनिकरण सम्बन्धी तथ्याङ्क संकलन बैठक सचेतना कार्यक्रम बाट रु १लाख र विद्यालय बिमुख किशोरीका लागी व्यवसायमूलक सिप विकास तालिम बाट रु २लाख रकमान्तर गर्ने निर्णय पारीत गरियो।

निर्णय नं (४) प्रस्ताव नं ४मा छलफल गर्दा यस दार्मा गाउँपालिकाको औद्योगिक ग्राम स्थापनाका लागी यस दार्मा गाउँपालिकाको नाममा रहेको दार्मा गा.पा. ४ रातामाटास्थित जग्गा छनोट गर्ने निर्णय पारीत गरियो।

नि.नं (५) प्रस्ताव नं. ५मा छलफल गर्दा यस दार्मा गा.पा.वडा नं. ५ बस्ने दिपक वि.क. (मृगौला रोगी) लाई रु १५०००।— र दार्मा गा.पा. ४ बस्ने मुटुरोगी सन्देश वि.क. लाई रु १५,०००।— आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो।

निर्णय नं (६) प्रस्ताव नं ६मा छलफल गर्दा दार्मा गाउँपालिका जनज्योति मा.वि. र इलाका प्रहरी कार्यालयमा खानेपानी व्यवस्थापनका लागी सो लि संस्थाको लागी खानेपानी शिर्षकमा छुट्याइएको रु १ लाख पचास हजार र संचित कोषबाट रु ३ लाख ५० हजार रकम विनियोजन गर्ने निर्णय पारित गरियो। साथै पूर्व जनमुक्ति सेना नेपालको सिफारिस कार्यक्रम लाई आयआर्जन कार्यक्रम संचालन गर्ने निर्णय पारीत गरीयो।

नि.नं (७) प्रस्ताव नं ७मा छलफल गर्दा शिक्षा मन्त्रालयको सशर्त अनुदान अन्तर्गत विद्यालय क्षेत्र विकास कार्यक्रम को २कोठे भवन बनाउनको लागी जनज्योति मा.वि लाई छनोट गरी रु १६ लाख को दुइ कोठे भवन बनाउने निर्णय पारित गरियो।

नि.नं (८) प्रस्ताव नं. ८मा छलफल गर्दा दार्मा-५ गिवेवीस्थित ढाकाडाम स्वास्थ्य संस्थामा सोलार प्रणाली जडानका लागी रु २ लाख ५० हजार विनियोजन गर्ने निर्णय पारीत गरियो। साथै तल्लो साउर लिफ्टचौर आर.सि.बी. पुलको लागी रु २ लाख विनियोजन गर्ने निर्णय पारित गरियो।

नि नं (९) प्रस्ताव नं ९मा छलफल गर्दा श्री नवचेतना प्रा.वि मूलपानीमा कार्यरत बालविकास शिक्षिका नविन्द्रा चन्द र श्री नेपाल राष्ट्रिय मा.वि. ढाकाडामकोटमा र श्री नेपाल राष्ट्रिय मा.वि ढाकाडामकोटमा कार्यरत बालविकास कार्यक्रम शिक्षिका को लागी दिने अनुदान श्री नवचेतना प्रा.वि. मूलपानीलाई उपलब्ध गराउने निर्णय पारीत गरियो।

नि.नं (१०) प्रस्ताव नं. १० मा छलफल गर्दा यस वार्ड गा.पा.को घर दर्ता स्टिकर छोल प्रति स्टिकर रु १० का दरले उपलब्ध गराउने निर्णय पारित गरियो ।

नि नं (११) प्रस्ताव नं ११ मा छलफल गर्दा विपन्न दलित तथा एकल महिला कार्यक्रमलाई समिति मार्फत संचालन गर्ने निर्णय पारित गरियो ।